**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**मानीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

**२०७९/०८० सालको निर्णय नं.३२९**

**पुनरावेदन नं.०७५-RB-०१९१**

**मुद्दाः-मूल्य अभिबद्धि कर (आ.व.२०७२/०७३)।**

सुनसरी जिल्ला, सोनापुर वडा नं.२, स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि. पान नं. ३०००१६१४५ को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनीको संचालक अशोक कुमार मुरारका........................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर........................................१
आन्तरिक राजस्व विभाग लाजिमपाट, काठमाडौ........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः-ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री बलराम रिज्याल
शुरु कार्यालयको निर्णय मितिः-२०७४।०३।०४

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयःआन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारीःमहानिर्देशक श्री विष्णु प्रसाद नेपाल
निर्णय मिति : २०७५।०६।१०

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्वय श्री रमण कुमार कर्ण र श्री प्रेरणा उप्रेती
प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजिर : ×**

करदाताको हकमा ठूला करदाता कार्यालय ललितपुरवाट मिति २०७४।०३।०४ मा भएको अन्तिम कर निर्धारण आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७५।०६।१० को निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता पशुपति आइरन एण्ड स्टिल प्रा. लि.को आ.व. २०७२।०७३ को कर परीक्षण प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१)(घ) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गर्नको लागि मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर, शुल्क, व्याज तथा जरिवाना समेत जम्मा रू.२९,६३,४२३।—(अक्षरुपी उन्नातीस लाख त्रिसठ्ठी हजार चार सय तेइस रुपैया मात्र) को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०२।१४ मा जारी भएको आदेश।

२. प्रारम्भिक कर निर्धारण आदेश तथा मूल्य अभिबृद्धि कर निर्धारण हुनु नपर्ने वा सोमा परिवर्तन गर्नुपर्ने कुनै ठोस आधार वा सबूत प्रमाण भए सो आदेश प्राप्त गरेको मितिले १५(पन्ध्र) दिनभित्र जवाफ पेश गर्नुहुन भनी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७४।०२।१४ मा जारी गरिएकोउक्त प्रारम्भिक कर निर्धारण आदेशको पत्र करदाताले मिति २०७४।०२।१८ मा बुझिलिई सोको जवाफ मिति २०७४।०२।३१ मा पेश गरेको ।

३. करदाताले लिएको जिकिर तथा प्रमाणहरुको आधारमा उक्त प्रारम्भिक कर निर्धारण आदेशानुसार नै मूल्य अभिवृद्धि कर तथा जरिवाना समेत जम्मा रू.२९,६३,४२३।—(अक्षरुपी उन्नातीस लाख त्रिसठ्ठी हजार चार सय तेइस रुपैया मात्र) दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०३।०४ मा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७४।०३।०४ मा जारी गरेको आ.व. २०७२/०७३ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण निर्णयमा चित्त नबुझि करदाताले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४।०४।०३ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. यसमा करदाताले विना आधार तथा प्रमाण छोटा र अड साइजका वस्तुहरु उत्पादन भएको, बजार मूल्यभन्दा न्यून मूल्यमा विक्री गरेको हदसम्मको रकममा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम मूल्य अभिवृद्धि कर निर्धारण गरेको तर छडको उक्त परिमाण विक्री गर्दा अन्तःशुल्क असुल गरे नगरेको यकिन गरी अन्तःशुल्क असुल भएको भए करदाताले घटी विक्री देखाएको मूल्यमा मात्र पुनः कर निर्धारण गर्नुपर्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०६।१० मा भएको निर्णय ।

६. पुनरावेदक करदाताले उत्पादित छडलाई ग्रेडिङ्ग गरी विक्री गर्नुपर्ने बजारमा ग्राहकले चाहे अनुसार छड विक्री गर्नलाई TMT Bars,TMT Bars B र TMT Bars C गरी छुट्याइ छोटा र अड साइजका माललाई सानो तिनो मर्मत र निर्माणको काममा प्रयोग गरी सस्तोमा खरिद गरी लाने हुंदा कम मूल्यमा विक्री गर्ने गरेको अवस्थामा TMT Bars C लाई TMT Bars र TMT Bars B सरह मूल्यांकन गर्न नमिल्ने, अन्तःशुल्क प्रति के.जी.१ लाग्ने हुंदा मुल्यसंग अन्तःशुल्कको कुनै सम्बन्ध नै नरहेको मू.अ.कर तिर्न नपर्ने अवस्थामा पनि दफा २६ बमोजिम विलम्ब शुल्क लाग्ने गरी जरिवाना, व्याज तथा थप दस्तुर लगाउने गरी भएको निर्णय त्रुटिपूर्ण भएकोले बदर गरी न्याय ईन्साफ पाउँ भन्ने समेत वेहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०९।२३ मा दायर गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१मा भएको आदेश।

८. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

९. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार करदाताको तर्फवाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०।०१।०३ का दिन यस न्यायाधिकरणमा पेश गर्न भएको लिखित बहसनोट।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता पशुपति आईरन एण्ड स्टिल प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता

श्री रमण कुमार कर्णले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश तथा सो सम्वन्धमा अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत लिखित बहसनोट, एवं बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सो सम्वन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताको एकमात्र पुनरावेदन जिकिर TMT Bars C लाई TMT Bars र TMT Bars B सरह मूल्यांकन गरी घटी विक्री देखाएको रकम रु.१,०९,८३,४६३।२ मा कानून वमोजिम मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेत गणना गरेको ठूला करदाता कार्यालयको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने समेत जिकिर लिएको देखिन्छ। उक्त निर्णय उपर करदाताले आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन समेत पेश गरेकोमा प्रशासकीय पुनरावलोकनको क्रममा मिति २०७५।०६।१० मा निर्णय हुँदा निवेदकले छडको उक्त परिमाण विक्री गर्दा अन्तःशुल्क असुल गरे नगरेको यकिन गरी अन्तःशुल्क असुल गरेको भए निवेदकले घटी विक्री देखाएको मूल्यमा मात्र मूल्य अभिवृद्धि कर निर्धारण गर्न कार्यालयवाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) वमोजिम पुनःकर निर्धारण गर्नुपर्ने ठहर भई निर्णय भएको देखियो। उक्त निर्णय वमोजिम पुनःसंसोधित कर निर्धारण हुने नै हुंदा करदाताले लिएको पुनरावेदन जिकिरको सम्वन्धमा थप विवेचना गरी रहनु पर्ने देखिएन।

१३. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री पशुपति आइरन एण्ड स्टिल प्रा. लि. (स्थायी लेखा नं.३०००१६१४५) को ठूला करदाता कार्यालयवाट आ.व. २०७२।७३ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मिति २०७४।०३।०४ मा भएको निर्णयका सम्वन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०६।१० मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए वमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशकको मिति २०७५।०६।१० को निर्णय अनुसार करदाताको पुनःकर निर्धारण गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा लेखी पठाईदिनू।
२. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरोसहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.........................।
प्रमाणिकरण गर्ने सदस्यः-

फैसला प्रमाणित मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप